तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

कर्णाली प्रदेश ,नेपाल

मितिः २०८०।०४।०२

पत्र संख्याः २०८०।०८१
चलानी नः

## *सामाजिक सूरक्षा परिचय पत्र नविकरण गराउने सम्वन्धी अत्यन्त जरुरी सूचना ।*

प्रस्तुत विषयमा सामाजिक सूरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सूरक्षा भत्ता प्राप्त गरि रहेका लाभग्राहीहरुले सामाजिक सूरक्षा (पहिलो संशोधन), २०७६ को नियम ९ बमोजिम आर्थिक वर्ष २०८०।०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्वन्धित वडा कार्यालय मार्फत अनिवार्य रुपमा सामाजिक सूरक्षा परिचय पत्र नविकरण गर्न गराउन हुन अनुरोध गरिन्छ । तोकिएको समयमा सामाजिक सुरक्षा परिचय पत्र नविकरण नभए प्रणाली मार्फत स्वतः लाभग्राहीको सूचिवाट लगत कट्टा हुने, त्यस्ता लाभग्राहीले पुनः सामाजिक सूरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने र लगत कट्टा भए देखि नयाँ दर्ता गरेको विचको अवधिको सामाजिक सूरक्षा भत्ता रकम छुट्न गई लाभग्राहीलाई उक्त अवधिको रकम उपलब्ध नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पुनश्चः** परिचय पत्र नविकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीको फोटो अपलोड, विवरण रुजु र बैंक खाता समेत अद्यावधिक गर्न गराउन अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरु

**१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,**

**२. पासपोर्ट साइजको २ प्रति फोटो,**

**३. बालवालिकाको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,**

**४. अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकावाट जारी भएको अपाङ्गता प्रमाण पत्रको प्रतिलिपी,**

**५. विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी,**

**थप जानकारीको लागि तातोपानी गाउँपालिका पञ्जिकरण शाखा प्रमुख श्री गोकर्ण पाण्डे , मोवाइल नम्वर ९८४८१६३८८४ मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

२०८०।४।२

तीर्थ बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत